## WASH इकाइका कर्मचारीहरुको कार्य विवरण:-

### १.पदः WASH संयोजक

**कार्य स्थलः** गाउँपालिका वास इकाइ, गाउँपालिका क्षेत्रभित्र संचालित खानेपानी सरसफाइ तथा स्वच्छता योजनाहरूमा अनुगमन, मूल्याँकन, मर्मत संभार तथा सहयोगका लागि नियमित भ्रमण गर्ने ।

**सुपरभाइजरः** प्रमुख प्रशासकीय अधिकृत

**रिपोर्टिङः** प्रमुख प्रशासकीय अधिकृत/WASH सल्लाहकार, सुस्वा

**जवाफदेहीताः** WASH व्यवस्थापन समिति ।

**शैक्षिक योग्यताः** ग्रामीण विकास, सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, वा अन्य विषयमा स्नातक तह उत्तिर्ण

**पेशागत (Professional) अनुभवः**

स्थानीय सरकार/विकासका साझेदारहरुद्धारा संचालित कार्यकम/परियोजना अन्तर्गत ग्रामीण परिवेशमा WASH व्यवस्थापन गतिविधिहरूको योजना र व्यवस्थापन साथै सामुदायिक विकासमा न्यूनतम ५ वर्षको कार्य अनुभव (WASH क्षेत्रमा न्यूनतम ३ वर्ष कार्य अनुभव) ।

**आवश्यक पेशागत सीपहरूः**

- सामाजिक परिचालन र तालिम सहजीकरण तथा प्रस्तुतिकरण सीपमा उत्कृष्ट ।
- स्थानीय भाषामा रामो दखल भएको नेपाली र अंग्रेजी भाषामा मौखिक तथा लिखित संचार राम्ररी गर्न सक्ने ।
- नेपाली र अंग्रेजीमा राम्रो प्रतिवेदन तयार गर्ने सीप भएको ।
- कम्प्युटर सीप (MS Office, Excel, PowerPoint, इमेल आदि) मा राम्रो दखल भएको ।

**मुख्य जिम्मेवारीहरुः**

- गाउँपालिकालाई विभिन्न योजना र रणनीतिहरू (वाश योजना, वाश व्यवस्थापन, मर्यादित महिनावारी व्यवस्थापन DMM, पूर्ण सरसफाइ, विपद् तयारी, O&M/दिगोपन, MIS, आदि) तर्जुमा र अद्यावधिक गर्न योगदान, प्रोत्साहन र प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।
- गाउँपालिका पदाधिकारीहरू र निर्णयकर्ताहरूलाई SUSWA सँग उपलब्ध विकास अवसरहरूको बारेमा जानकारी गराउने
- संयुक्त रुपमा क्रियाकलापहरु कार्यान्वयनका लागि प्रोत्साहित र सहयोग गर्ने ।

- सुस्वा अन्तर्गतका गतिविधिहरुको वार्षिक योजनातर्जुमा, अनुगमन र प्रतिबेदन तयार गर्न पालिकालाई सहयोग गर्ने
- पालिका वाशकोष (MWF) को स्थिति लगायतविभिन्न प्रगति प्रतिबेदनहरू संकलन र प्रमाणीकरण गर्नेर डाटाको गुणस्तर सुनिश्चित गरिवाश ब्यबस्थापन समिति/ पालिकावाशसल्लाहकारलाई प्रतिबेदन गर्ने
- पालिकाका पदाधिकारीहरूलाई सुस्वाद्वारा उपलब्ध ब्यबस्थित सूचना प्रणालीहरुमा पहुँच र प्रयोग गर्न सहयोग गर्ने; परिणामहरूको समयमै रिपोर्टिङ सुनिश्चितताका लागि सहयोग गर्ने
- आवश्यक पर्दा पालिका वाश कोष (**MWF**)को वित्तीय रिपोर्टिङमा पालिकाको लेखाशाखा/ लेखापाललाई सहयोग गर्ने
- वाश, मर्यादित महिनावारी ब्यबस्थापन (DMM) र जलवायु परिबर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण (CCA/DRR) आदि जस्ता सम्बन्धित नीतिहरू तर्जुमा गर्न पालिकालाई सहयोग गर्ने
- पालिकाका पदाधिकारीहरु र निर्णयकर्ताहरूलाई **सुस्वाको**नीतितथा निर्देशिकाहरूकोबारे जानकारी गराउने
- पालिकामा सम्भावित सहयोग र स्रोत बाँडफाँडको लागि अन्य **वाश** क्षेत्रमा कार्यरत संघ /संस्थाहरूसँग सम्पर्क तथा समन्वय गर्ने
- पालिकाका पदाधिकारीतथासरोकारवालाहरूकोक्षमता अभिवृद्धि सम्बन्धि गतिविधिहरूको आवश्यकता विश्लेषण गर्ने र वार्षिक कार्य योजनाका लागि क्रियाकलापहरुमासुझाव दिने;
- **वाश ब्यबस्थापन समिति** (WASH-MC) **को** बैठक आयोजना र निर्णयहरू गर्न सहयोग गर्ने
- **वाश** इकाई टोलीसंग नियमित समन्वय गर्ने र मासिक/द्वैमासिकबैठकहरू सञ्चालन गर्ने
- पालिकाको कार्ययोजना सम्पन्न गर्न**वाश**इकाईका कर्मचारीहरूलाई परिचालन र निरीक्षण गर्ने
- **वाश** सेवाहरूको दिगोपना र वाश सुशासनलाई संस्थागत गर्ने र पालिका स्तरमा निर्माण पश्चातका गतिविधिहरू संचालन गर्ने
- सबै गतिविधिहरूमा लैंगिक समानता, अपांगता र सामाजिक समाबेशीकरणका (GEDSI) पक्षहरूलाई ध्यानमा राखेर क्रियाकलापहरु सन्चालन गरेको सुनिश्चितता गर्ने
- **वाश ब्यबस्थापन समिति** (WASH-MC) द्वारा तोकिएको आयोजनाको उद्देश्यहरू प्राप्तिका लागि अन्य कुनै पनि कार्यहरु गर्ने ।

**२. पदः सेवा सहायता केन्द सहजकर्ता (सब-इन्जिनियर)**

**कार्य स्थलः** गाउँपालिका वास इकाइ, सेवा सहायता केन्द, गाउँपालिका क्षेत्रभित्र संचालित खानेपानी सरसफाइ तथा स्वच्छता योजनाहरूमा अनुगमन, मूल्याँकन, अवस्था विश्लेषण र मर्मत संभार तथा तालिम सहयोगका लागि नियमित भमण गर्ने ।

सुपरभाइजरः वास संयोजक

रिपोर्टिङः वास एकाइ

जवाफदेहीताः वास व्यवस्थापन समिति ।

**न्यूनतम शैक्षिक योग्यता तथा पेशागत अनुभव**

**न्यूनतम शैक्षिक योग्यता:** सिभिल इन्जिनियरिङमा डिप्लोमा तह उत्तिर्ण गरी न्यूनतम ३ वर्षको ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रको कार्य अनुभव

**पेशागत अनुभवः**

- समुदायमा आधारित ग्रामीण खानेपानी आपूर्ति र सरसफाइ गतिविधिहरू (विस्तृत प्राविधिक सर्वेक्षण, डिजाइन, लागत अनुमान सुपरिवेक्षण/अनुगमन र मूल्याङ्कन योजनाको मर्मत संभार र सुचारुपना आदि) मा अनुभव भएको ।
- दातृ निकायहरूको सहयोगमा संचालित ग्रामीण खानेपानी आपूर्ति र सरसफाइ कार्यक्रम/परियोजनाहरू र स्थानीय सरकार अन्तर्गत कार्य अनुभव भएकालाइ गाह्यता दिइने ।
- नेपालको वास क्षेत्र नीति र ग्रामीण खानेपानी व्यवस्थापन सम्बन्धी ज्ञान ।
- तथ्याकं व्यवस्थापन र तथ्याकं विश्लेषणमा रामो दखल भएको ।
- ड्राफ्टिङ/अटोक्याडमा रामो दखल भएमा थप गाह्यता

**पेशागत सीप र सामाजिक योग्यताहरू**

- ऊर्जा वान र सबै प्रकारका खानेपानी योजना र सरसफाइ गतिविधिहरूको प्राविधिक सर्वेक्षण सम्बन्धी ज्ञान तथा सीप भएको।
- मर्मत गर्नुपर्ने ग्रामीण खानेपानी प्रणालीको Functionality सर्वेक्षण, लागत अनुमान र कार्य सम्पन्न मुल्याकंन नापि किताब तयार गर्न सक्षम।
- स्थानीय संयन्त्रको राम्रो बुझाइ र अनुभव र खानेपानी र सरसफाइ सामुदायिक पूर्वाधारहरूको अनुभव ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रति प्रतिबद्धता।
- परिणाम उन्मुख व्यक्तित्व / मासिक कार्य योजना बमोजिम कार्य गर्न प्रतिबद्ध।

- राम्रो पारस्परिक र अन्तर सांस्कृतिक दक्षता।
- Microsoft Excel, Word, PowerPoint मा कम्प्युटर सीपहरूमा सक्षम।
- आधारभूत तथ्याकं विश्लेषण र प्रातिवेदन लेखनमा रामो दखल भएको।
- N-WASH सम्बन्धी ज्ञान तथा फिल्ड स्तरमा मोवाइल एप्स हेन्डिलिगं गर्न सक्ने सीप भएको ।

**कार्य विवरण सारांश**

खानेपानी योजनाको निर्माण र दिगोपनाको लागि सेवा सहायता केन्द्रमा सेवा सहायता केन्द सहजकर्ताले निम्नअनुसार प्रमुख भूमिका तथा जिम्मेवारीहरू पुरा गर्नुपर्छः

- वडा SSC सम्पर्क व्याक्ति, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र मर्मत सम्भार कार्यकर्ताहरूलाई तोकिएको जिम्मेवारी क्षेत्र भित्र प्राविधिक सहजिकरण गर्न जिम्मेवार।
- साना,ठूला मर्मत वा आवश्यकता अनुसार पानी आपूर्ति प्रणालीको पुन:स्थापनाको अवस्थामा खा.उ.स. को लागि कोष सहजकर्ताको रूपमा काम गर्न जिम्मेवार।
- पालिका अधिकार क्षेत्र भित्रका सबै रिजर्भभ्वायर टंकी र धाराहरूको सुचारुपना सम्बन्धी तथ्याकं सङ्कलन र प्रदेश SSC र N-WASH मा तोकिएको समय भित्र तथ्याकं अध्यावधिक गर्न जिम्मेवार।
- पालिका सेवा क्षेत्रभित्र रहेका सबै WUSC र सरोकारवालाहरूको सम्पर्क सूचि अध्यावधिक र मर्मतका समय समयमा सम्पर्क समन्वय जिम्मेवार ।

**<u>विस्तृत कार्य जिम्मेवारीहरू / प्रमुख गतिविधिहरू</u>**

- सबै तहका सरकारहरु (संघिय, प्रादेशिक, पालिकाहरु), साथै WUSC र सामुदायिक संस्थाहरूसँग बलियो व्यावसायिक कार्य सम्बन्धहरू सिर्जना गर्न र कायम राख्न जिम्मेवार ।
- DRR/CCA मापदण्डहरू र SUSWA दृष्टिकोण पालना गर्दै खानेपानी योजनाहरूको विस्तृत सर्वेक्षण गर्ने, डिजाइन र लागत अनुमान तयार गर्ने ।
- सामुदायिक कार्य योजना CAP तयारी र समीक्षाका लागि WUSC हरूको बैठकमा भाग भाग लिने र सहयोग गर्ने ।
- स्वीकृत डिजाइन रेखाचित्र अनुसार संरचनाको लेआउटको लागि WASH प्राविधिक/मिस्त्री/VMW हरूलाई सहयोग गर्ने ।
- बाह्य सामग्रीहरूको लागि खरिद कागजातहरू तयार गर्ने र निर्माण सामग्री खरिद प्रक्रियाको लागि WUSC हरूलाई सहज बनाउने र निर्माण सामग्रीको गुणस्तर सुनिश्चित गर्ने (स्थानीय र गैर-स्थानीय) ।

- प्रशिक्षकको रूपमा समुदाय स्तरमा प्राविधिक तालिमहरू सञ्चालन गर्ने र ती तालिमहरू व्यवस्थापन गर्न गाउँपालिकालाई सहयोग गर्ने ।
- खानेपानी आपूर्ति र सरसफाइ योजनाहरूको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने ।

● पानी सुरक्षा योजनाहरू (WSPs) तयार गर्ने टोलीहरूलाई प्राविधिक पक्षहरूको लागि तालिम र सहयोग गर्ने ।

● WUSC हरूलाई भुक्तानीको लागि अन्तिम प्राविधिक प्रतिवेदनहरू तयार गर्ने र गाउँपालिकालाई सहजीकरण गर्ने

● परियोजना गतिविधिहरूको योजना, अनुगमन र रिपोर्टिङको लागि सुपरभाइजरलाइ सहयोग गर्ने ।

● नेपालमा वाससँग सम्बन्धित नयाँ अद्यावधिक नीति र कार्यविधिहरूको ज्ञान र जानकारी कायम राख्ने ।

● खानेपानी योजनाहरूको दिगो मर्मत तथा सम्भारमा SSC MoU को पालना सुनिश्चित गर्न सबै WUSC हरुलाई निरन्तर प्राविधिक सहयोग र सहायता प्रदान गर्ने ।

● SSC को अधिकार क्षेत्र अन्तर्गत प्रत्येक वार्डको लागि पालिका स्तरमा खानेपानी योजनाहरूको पूर्ण सूचीको आधारमा मर्मत कार्यका लागी प्राथमिकता क्रम पहिचान गर्न सहयोग गर्ने ।

● सुचारुपना नरहेको योजनाहरूको भ्रमण गरी योजनाहरूको Functionality सर्वेक्षण गरी अनुमानित लागत सहितको प्रतिवेदन वास व्यवस्थापन समितिमा पेश गर्ने ।

● पालिका वास प्लान अद्यावधिकको लागि NWASH मा मासिक सुचारुपना तथ्याकं नियमित अध्यावधिक गरिरहने ।

● सबै आवश्यक मर्मत पहिचान गर्न र मर्मत सुविधाको लागि सम्बन्धित कार्यकर्तालाई सूचित गर्ने र सुचारुपना तथ्याकं विश्लेषण गरी मासिक आधारमा पालिका वास एकाइसँग समन्वय गरी वास व्यवस्थापन समितिलाइ प्रतिवेदन पेश गर्ने ।

● ठूला मर्मत र पुन निर्माणको मामिलामा आवश्यक कोष र प्राविधिक सहयोगको सुनिश्चित गर्न सरोकारवालाहरू बीच सहजकर्ताको रूपमा कार्य गर्ने ।

● सुपरभाइजर/WASH एकाइद्वारा तोकिएको परियोजना परिणामहरूको उपलब्धितर्फ अन्य जिम्मेवारी वहन गर्ने ।

**३. पदः वास सहजकर्ता**

**कार्य स्थलः** गाउँपालिका वास इकाइ, गाउँपालिका क्षेत्रभित्र संचालित विभिन्न योजनाहरूमा अनुगमन मूल्याँकन तथा सहयोगका लागि नियमित भमण गर्ने ।

सुपरभाइजरः वास संयोजक

रिपोर्टिङः वास एकाइ

जवाफदेहीः वास व्यवस्थापन समिति ।

**शैक्षिक योग्यता तथा पेशागत अनुभवः**

**शैक्षिक योग्यताः** जनस्वास्थ्य वा अन्य सान्दर्भिक विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उत्तिर्ण ।

**पेशागत अनुभवः**

ग्रामीण क्षेत्रमा वास, सामुदायिक स्वास्थ्य र मर्यादित महिनावारी व्यवस्थापन (DMM) मा न्यूनतम ५ वर्षको अनुभव भएको ।

गाउँपालिकाहरूमा दातृ निकायहरुद्वारा संचालित कार्यक्रम/परियोजनाहरूमा कार्य अनुभव भएकोलाइ विशेष गाह्यता ।

**अन्य सीपहरू**

- नेपालीमा लेख्न र बोल्नमा धाराप्रवाह, कार्य क्षेत्रको स्थानीय भाषाहरूमा रामो दखल भएको ।
- स्वतन्त्र रूपमा काम गर्ने क्षमता भएको ।
- तालिम गोष्ठी तथा बैठकहरु सहजीकरण र राम्रो सञ्चार सीप भएको ।
- स्थानीय समुदायहरूसँग र बहुसांस्कृतिक वातावरणमा काम गर्ने क्षमता प्रदर्शन गरेको ।

**मुख्य जिम्मेवारीहरुः**

वास सहजकर्ताले सम्बन्धित समुदायका सदस्यहरू, स्वास्थ्य सेवा प्रदायक संस्थाहरु र विद्यालयहरू, FCHVs, WUSCs, W-WASHCC र RM-WASHCC सँग नजिकको समन्वयमा कार्य गर्नेछन्। गाउँपालिका

अन्तरगर्गतका वडाहरूको घरपरिवार र विद्यालयहरूमा पूर्ण सरसफाइ र DMM गतिविधिहरू प्रवर्द्धन गर्ने जिम्मेवारी उनको हो । वास सहजकर्ताले वास संयोजकको प्रत्यक्ष सुपरिवेक्षणमा निम्न कार्यहरू गर्नेछन् ।

**सरसफाइ र स्वच्छता प्रवर्द्धन**

● शौचालय निर्माण, प्रयोग र मर्मतसम्भार, खानेपानी सुरक्षा योजना र साबुनपानीले हात धुने अभ्यासमा विशेष ध्यान दिँदै स्वास्थ्य, सरसफाइ र स्वच्छताका सवालहरू (व्यक्तिगत स्वच्छता, घरायसी/वातावरणीय सरसफाइ) मा विद्यार्थी शिक्षक र समुदायका महिला पुरुषहरुलाइ उत्प्रेरित गर्ने ।

● समुदाय तथा यरायसी स्तरको भ्रमणहरू आयोजना गर्ने र बालबालिका र महिलाहरूको सरसफाइ र पोषण मुद्दाहरूमा ध्यान केन्द्रित गर्ने। महिनावारी स्वच्छता व्यवहारमा महिला र किशोरीहरूलाई सचेत गराउने ।

● समुदायहरूलाई सबै तहमा सक्रिय सहभागिताको लागि उत्प्रेरित र प्रोत्साहित गर्ने (बैठकहरू, सुविधाहरूको सञ्चालन र मर्मत, निर्माण/सामग्रीहरुको गुणस्तर मुद्दाहरू; जागरूकता अभियान ....... आदि) ।

● AWP को रूपमा समुदायहरूलाई स्वास्थ्य र स्वच्छता सम्बन्धी तालिम/कार्यशाला सञ्चालन गर्न सहजीकरण गर्ने ।

● स्वास्थ्य संस्था र W/RM-WASHCC को सहयोगमा सरसफाइ र स्वच्छता जागरूकता अभियानहरू आयोजना र सहजीकरण गर्ने ।

● M/W-WASHCC/WUSCs/MGs लाई पूर्ण सरसफाइ र DMM मा तालिम दिने र समुदाय स्तरमा अभियानहरूको लागि परिचालन गर्ने ।

● स्वास्थ्य र स्वच्छता सम्बन्धी सुविधाहरूको निर्माणलाई सहजीकरण र अनुगमन गर्ने ।

● पालिकामा WASH आपूर्ति श्रृंखला स्थापनालाई समर्थन गर्ने ।

● समुदाय स्तरमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रम/दिवस (राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस, विश्व वातावरण दिवस, विश्व शौचालय दिवस, विश्व महिनावारी स्वच्छता दिवस, विश्व पानी दिवस; .... आदि) मनाउन सहयोग गर्ने ।

- स्व-अनुगमन र मोबाइल एप्सहरु मार्फत घरायसी सरसफाइ र स्वच्छता स्थितिको अनुगमन गर्ने ।

- सरसफाइमा सुधार ल्याउन घरायसी सरसफाइ एव व्यक्तिगत सरसफाइ अभ्यास गर्न सहजीकरण गर्ने ।

- विद्यालयका बाल क्लब/SMC/PTA बैठकहरूमा भाग लिने र सरसफाइ र स्वच्छताका सवालहरुलाइ उठान गरी समुचित WASH सुविधाहरूको O&M को लागि शिक्षक र विद्यार्थीहरूलाई परिचालन गर्ने ।

- बाल, लैङ्गिक र अपाङ्गता मैत्री WASH सुविधाहरू मार्फत शैक्षिक गुणस्तर विकास गर्न विद्यालयसँग समन्वय गरी WASH सुविधाहरू सुचारु राख्न शिक्षक र विद्यार्थिहरुलाइ प्रोत्साहित गर्ने ।

- स्व-निगरानी र मोबाइल एप्स उपकरणहरू मार्फत शौचालयको प्रयोग/सफाइ, उचित हात धुने सुविधाहरू, किशोरीहरुको महिनावारी स्वच्छता/प्याड व्यवस्थापनको अनुगमन गर्ने ।

- विद्यालयहरू (SMC/PTA/शिक्षक/अभिभावकहरु र बाल क्लबहरू) पुर्ण सरसफाइमा तालिम दिने र समुदाय स्तरमा संचालित पूर्ण सरसफाइ अभियानहरूमा विद्यालयहरुलाइ परिचालन गर्ने ।

- सरसफाइ, स्वच्छता र महिनावारी स्वच्छता व्यवस्थापन अभ्यासहरूको क्षेत्रमा व्यवहार परिवर्तनको लागि समुदायका मानिसहरू, विद्यालयका छात्र छात्राहरू /शिक्षकहरू, जेष्ठ नागरिकहरू, परम्परागत धामी झाँकीहरू/सामाजिक र धार्मिक अगुवाहरूका लागि विभिन्न गतिविधिहरूको सहजीकरण गर्ने ।

- सरसफाइ, स्वच्छता र DMM अन्तर्गत योजनाबद्ध गतिविधिहरू कार्यान्वयन गर्न WASH इकाइलाई सहयोग गर्ने ।

**पानीको गुणस्तर प्रवर्द्धन**

- खानेपानी योजनाहरूको पानीको गुणस्तर परीक्षण सुनिश्चित गर्ने र WSP कार्यान्वयनको अनुगमन गर्ने ।

- घरपरिवार स्तरमा HG मा पानीको गुणस्तर र फोहोर पानीको पुनः प्रयोगको बारेमा जानकारी प्रसार गर्ने ।

● घरपरिवार र विद्यालयहरूमा घरायसी स्तरमा पानी सुद्धिकरण गर्ने विकल्पहरूलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने ।

**अन्य**

● स्वास्थ्य संस्थाहरु र FCHV हरूसँग परामर्श गरी स्वास्थ्य र स्वच्छता सम्बन्धी तथ्याँक अद्यावधिक गर्ने, यसको विश्लेषण गर्ने र प्रतिवेदन तयार गरी WASH संयोजकलाइ उपलब्ध गराउने ।

● योजनाबद्ध गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, गाउँपालिकाका अधिकारीहरू र अन्य सरोकारवालाहरूसँग राम्रो सद्भाव र समन्वय कायम राख्ने ।

● गाउँपालिका कार्यालयमा मासिक/द्वि-मासिक प्रगति समीक्षा/योजना बैठकहरूमा भाग लिने (WASH संयोजकले अनुरोध गरे अनुसार) ।

● सुपरभाइजरद्वारा तोकिएको परियोजना नतिजाहरूको उपलब्धिका लागि अन्य जिम्मेवारीहरु वहन गर्ने ।

**४. पदः वास प्राविधिक**

**कार्यस्थलः** सुपरभाइजरले तोकेको खानेपानी तथा सरसफाइ योजना स्थल ।

सुपरभाइजरः वास संयोजक

रिपोर्टिङः वास एकाइ

जवाफदेहीताः वास व्यवस्थापन समिति ।

शैक्षिक योग्यताः CTEVT बाट सिभिल इन्जिनियरिङमा TSLC वा मान्यता प्राप्त विकास निकाय/संस्थाबाट कम्तिमा ३० दिनको खानेपानी आपूर्ति र सरसफाइ तालिम पूरा गरेको ।

**व्यावसायिक अनुभवः**

कम्तिमा ५ वटा गुरुत्वाकर्षण प्रवाह (Gravity Flow) खानेपानी योजनाहरू निर्विवाद रूपमा पूरा गरेको र वास क्षेत्रमा २ वर्षको अनुभव भएको । सरसफाइ, स्वच्छता र खानेपानीको गुणस्तरको अनुभव भएकालाइ विशेष प्राथमिकता दिइने ।

गाउँ तथा नगरपलिकाहरुमा दातृ संस्थाहरुद्वारा संचालित कार्यक्रम/परियोजनाहरूमा काम गर्नेहरूका लागि थप प्राथमिकता दिइने ।

**जिम्मेवारीसँग सम्बन्धित अन्य सीपहरूः**

नेपालीमा लेख्न र बोल्नमा धाराप्रवाह, कार्य क्षेत्रको स्थानीय भाषाहरूमा राम्रो दखल भएको ।

स्वतन्त्र रूपमा काम गर्ने क्षमता ।

सहजीकरण र राम्रो सञ्चार सीप ।

स्थानीय समुदायहरूसँग र बहु-सांस्कृतिक वातावरणमा काम गर्ने क्षमता प्रदर्शन गरिएको ।

**मुख्य जिम्मेवारीहरुः**

वास प्राविधिक परियोजना स्थलमा निर्माण सम्बन्धी गतिविधिहरू कार्यान्वयन गर्ने मुख्य जिम्मेवार व्यक्ति हुन्। योजना निर्माण सम्बन्धी गतिविधिहरूमा प्राविधिक सहयोगको लागि उनी पूर्ण-कालिन कार्यक्षेत्रमा बस्ने कर्मचारी हुन्। WASH प्राविधिकले सामाजिक परिचालकसँग नजिकको समन्वय कायम राख्दै सुपरभाजरको प्रत्यक्ष सुपरभिजनमा र प्राविधिक मार्गदर्शनमा निम्न कार्यहरू सम्पादन गर्नेछन् ।

- WASH योजनाहरूको कार्यान्वयनको लागि समुदायलाई परिचालन गर्ने ।

- WASH योजनाहरूको पूर्व-सम्भाव्यता सर्वेक्षण/अध्ययनलाई सहयोग गर्ने ।

- विस्तृत सर्वेक्षण सञ्चालन गर्दा प्राविधिक सहजकर्ता वा सेवा सहायता केन्द सहजकर्तालाइ सहयोग गर्ने

- स्थानीय जनसमुदाय खानेपानी उपभोक्ता सरसफाइ समितिहरू र ग्रामिण मर्मत संभार कार्यकर्ता VMW लाइ तालिम दिन सहयोग गर्ने ।

- सबै प्रकारका योजनाहरूको निर्माण गतिविधिहरूको गुणस्तरीय कारीगरीको सुनिश्चितता गर्न WUSC/मिस्त्रीहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गर्ने ।

- योजनाका गतिविधिहरूको सहज कार्यान्वयनको लागि वडा/गाउँपालिका टोलीसँग समन्वय र सहयोग गर्ने ।

• योजना पुस्तिका अनुसार निर्माण सामग्री (संरचनागत प्रयोग), उपकरणहरू र औजारहरु, दक्ष र अदक्ष कामदारहरुको उपस्थितिको दुरुस्त रेकर्ड राख्नको लागि WUSC हरूलाई सहयोग गर्ने ।

• प्राविधिक तालिम (VMW, RWH... आदि) को लागि तालिम सहभागीहरू छनौट गर्न WUSC हरूलाई सहजीकरण गर्ने । औपचारिक तालिम पछि; अतिरिक्त कार्यमा आधारित तालिम (On the job training) प्रदान गर्ने र उनीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने ।

• पानीको महसुल निर्धारण, WSP र O&M योजनाको तयारी, योजना सञ्चालन निर्देशिकाको निर्माण र कार्यान्वयनमा WUSC/समुदायहरूलाई सहजीकरण गर्न सहयोग गर्ने ।

• पानीको गुणस्तर सम्बन्धी गतिविधिहरू, खानेपानी सुरक्षा योजनाहरू सहित पानीको गुणस्तर परीक्षण र योजना स्तरमा सम्बन्धित तालिमलाई सहजिकरण गर्ने ।

• पानी सुरक्षा योजनाहरूको विकासमा सल्लाह र सहयोग प्रदान गर्ने; र कार्यान्वयनको अनुगमन गर्ने ।

• पानीका स्रोत संरक्षण गतिविधिहरू र योजनाहरूको दिगोपना र पूर्ण सरसफाइ गतिविधिहरूसँग सम्बन्धित कुनै पनि अन्य गतिविधिहरूमा योगदान र सहयोग गर्ने।

• गाउँपालिका स्तरमा विशेष कार्यक्रमहरू (राष्ट्रिय सरसफाइ हप्ता, विश्व हात धुने दिवस, विश्व पानी दिवस, र विश्व वातावरण दिवस ... आदि) मनाउने र प्रवर्द्धनात्मक गतिविधिहरूमा योगदान र सहयोग गर्ने ।

• योजना स्तरमा हुने अनुगमन भ्रमणहरूलाई सहयोग गर्ने ।

• योजनाबद्ध गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, गाउँपालिका पदाधिकारीहरू र अन्य सरोकारवालाहरूसँग राम्रो सद्भाव र समन्वय कायम राख्ने।

• सुपरभाइजर/वास एकाइद्वारा तोकिएको परियोजना नतिजाहरूको उपलब्धि हासिल गर्न अन्य कुनै पनि कार्यहरु सम्पादन गर्ने ।

**५. पदः सामाजिक परिचालक**

**कार्य स्थलः** सुपरभाइजरले तोकेको वडा खानेपानी तथा सरसफाइ योजना स्थल ।

सुपरभाइजरः वास संयोजक

रिपोर्टिङः वास एकाइ

जवाफदेहीः वास व्यवस्थापन समिति ।

शैक्षिक योग्यताः सम्बन्धित विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उत्तिर्ण ।

**पेशागत अनुभवः**

ग्रामीण क्षेत्रमा सामाजिक परिचालन वा सामुदायिक विकासमा न्यूनतम २ वर्ष काम गरेको अनुभव, वास क्षेत्रमा न्यूनतम एक वर्षको अनुभव भएको ।

गाउँ वा नगरपालिकाहरूमा दातृ निकायहरुद्वारा सहयोग गरिएका कार्यक्रम/परियोजनाहरूसँग काम गर्नेहरूलाई थप ग्राह्यता दिइने ।

**आवश्यक पेशागत सीपहरूः**

सामाजिक परिचालन र तालिम सहजीकरण सीपमा उत्कृष्टता हासिल गरेको ।

स्थानीय भाषामा रामो दखल सहित नेपालीमा राम्ररी बोल्न र लेख्न सक्ने ।

स्थानीय समुदायहरूसँग र बहु-सांस्कृतिक वातावरणमा काम गर्ने क्षमता प्रदर्शन गर्न सक्ने ।

**मुख्य जम्मेवारीहरूः**

गाउँपालिकाको तोकिएको वडाहरूमा रही परियोजना अन्तर्गतको योजना/समुदाय स्तरका गतिविधिहरूको समन्वय, सुपरिवेक्षण/निगरानी र व्यवस्थापन गर्दै समुदाय परिचालनद्धरा परियोजनाको नतिजा हासिल गर्न सहयोग गर्ने जिम्मेवारी सामाजिक परिचालकको हो। सामाजिक परिचालकको मुख्य जिम्मेवारीहरू तल विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

**१. योजना र कार्यान्वयन**

- वडा/योजना स्तरमा सामूदायिक बैठकहरू आयोजना गर्ने र SUSWA बारे जानकारी प्रदान गर्ने; सम्बन्धित योजना/कियाकलापहरु र सरोकारवालाहरूको भूमिका बारे जानकारी गराउने ।

● GEDSI/HRBA रणनीतिको रूपमा WUSC हरूको गठनमा सहयोग गर्ने र उपभोक्ता समितिको विधान दर्ता र नवीकरण प्रक्रियामा सहयोग गर्ने; र बैंक खाता खोल्न र सञ्चालनमा सहयोग गर्ने ।

● योजना स्थलमा निर्माण सामग्री (स्थानीय/गैर-स्थानीय) को ढुवानी र उचित भण्डारण व्यवस्थापनमा WUSC हरूलाई सहयोग गर्ने।

● परियोजना गतिविधिहरूको कार्यान्वयन प्रगतिको नियमित रूपमा अनुगमन गर्ने; समुदाय परिचालन, CAP समीक्षाको लागि WUSC हरूलाई सहयोग गर्ने र तोकिएको समयसीमामा सबै गतिविधिहरू पूरा गर्न अवश्यक सहयोग प्रदान गर्ने ।

● गाउँपालिकाका पदाधिकारीहरूसँग नजिकको समन्वयमा योजना स्तरमा सृजित मतभेद तथा विवादहरू (यदि कुनै छ भने) समाधान गर्न WUSC हरू/उपभोक्ताहरूलाई सहयोग गर्ने ।

● ग्रामिण मर्मत संभार कार्यकर्ता (VMW) को छनोट र प्राविधिक तालिमको आयोजना गर्न समुदायलाई सहजीकरण गर्ने ।

● आयोजनासँग सम्बन्धित उचित हिसाबकिताब, बैठकको निर्णय अभिलेख, योजनाको बोर्ड, सार्वजनिक लेखा परीक्षण र बैठक/अभियानहरूमा महिला र विपन्न समूहहरूको सहभागिता मार्फत संस्थागत सुशासन कायम राख्न WUSC हरूलाई सहयोग गर्ने ।

● मर्मत संभार (O&M) कार्य योजना र पानी सुरक्षा योजनाको तयारीमा WUSC हरूलाई सहयोग गर्ने । योजनाहरूको कार्यान्वयनलाई सहजीकरण गर्ने र खानेपानी योजनाहरूको दिगोपनाको लागि सरोकारवाला निकायहरूसँग सम्बन्ध विस्तारको लागि WUSC हरूलाई सहयोग गर्ने ।

● WUSC हरूलाई गाउँपालिकामा दर्ता/नवीकरण गर्न र WUSC संञ्जालसँग सम्बद्ध हुन सहयोग गर्ने ।

● DMM नीतिहरू र योजनाको सम्बन्धमा DMM सम्बन्धी योजनाबद्ध गतिविधिहरू कार्यान्वयन गर्न WASH इकाईलाई सहयोग गर्ने ।

## २. क्षमता अभिवृद्धि, समन्वय सहकार्य र समन्वय निर्माण

● परियोजनाको चरणबद्ध प्रक्रिया पछ्याउँदै स्वीकृत कार्य योजना अनुसार योजना/ वडा स्तरमा विभिन्न तालिमहरू सञ्चालन र सहजिकरण गर्ने ।

WUSC हरूलाई उचित वित्तीय व्यवस्थापन/आर्थिक हिसाव किताब र गैर-स्थानीय सामग्री खरिद प्रक्रिया, यातायात, भण्डार व्यवस्थापनमा सहयोग र क्षमता अभिबृद्धिमा सहयोग गर्ने । बैठकको निर्णय र अन्य अभिलेख दुरुस्त राख्न मद्दत गर्ने ।

● योजनाबद्ध गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, वडाका जनपतिनिधिहरु कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरूसँग राम्रो सामंन्जस्य र समन्वय कायम राख्ने ।

## ३. अनुगमन र प्रतिवेदन

● चरणबद्ध प्रक्रिया सुनिश्चित गर्दै योजना स्तरमा अनुगमन योजना तयार गरी कार्यान्वयनमा सहभागिता जनाउने र अनुगमनबाट प्राप्त भएका सुझाव तथा प्रतिक्रियाहरू उचित तवरले समयमै कार्यान्वयन भएको सुनिश्चित गर्ने ।

● जनस्वास्थ्य समस्याहरूको अनुगमन (सरसफाइ र स्वच्छता व्यवहार, पोषण, महिनावारी स्वच्छता, .... आदि) को लागि गाउँपालिकामा काम गर्ने स्वास्थ्य संस्था /FCHV, विद्यालय र अन्य संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने । स्व-अनुगमन उपकरणहरू (HH र विद्यालयहरू) को प्रभावको कार्यसम्पादनलाई नजिकबाट निगरानी गर्ने ।

● मासिक/द्वि-मासिक बैठकको लागि अर्को महिनाको योजना सहित परियोजना गतिविधिहरूको मासिक/द्वि-मासिक सारांश प्रगति प्रतिवेदन तयार गर्ने । परियोजना गतिविधिहरूको कार्यान्वयनमा उठाइएका मुद्दाहरू, समुदायको भावना, प्रस्तुत गरिएका राम्रा अभ्यासहरू र रिपोर्टिङ अवधिबाट सिकेका पाठहरू अनुगमन गरिएको सुनिश्चित गर्ने ।

## ४. कार्यालय व्यवस्थापन र प्रशासन

● WUSC/योजनाहरूको बिल र अन्य कागजातहरूको रुजु गर्ने र आवश्यक कारबाहीको लागि WASH इकाइलाई सिफारिस गर्ने । साथै प्रयोगकर्ता/आपूर्तिकर्ताहरूलाई भुक्तानीको लागि WUSC लाई सहजीकरण गर्ने ।

● स्वीकृत AWP अनुसार कार्यशाला/प्रशिक्षणको प्रस्ताव तयार गरी स्वीकृति प्रक्रिया र बजेट व्यवस्थापनको लागि WASH संयोजकलाई पठाउने । खर्चको पारदर्शिता कायम राख्ने र समयमै अग्रिम भुक्तानी गर्न सहजीकरण गर्ने ।

● WASH इकाइमा मासिक/द्वि-मासिक प्रगति समीक्षा/योजना बैठकहरूमा भाग लिने ।

## ५. अन्य

- परियोजना कार्यान्वयनको सबै चरणहरूमा परियोजना निर्देशिकाहरू (PIM, SBS, GEDSI/HRBA, आदि) उचित रूपमा पालना गरिएको सुनिश्चित गर्ने।

- परियोजनाको नतिजा प्राप्त गर्न सुपरभाइजर/WASH इकाइद्वारा तोकिएको अन्य कुनै पनि जिम्मेवारी वहन गर्ने ।